कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

खलंगा, जाजरकोट

फोन नं. ०८९-४३०२७१
वेबसाइट: www.dfojajarkot.gov.np
ईमेल: dfojajarkot2019@gmail.com

**विषय :- प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/१४**

यस डिभिजन वन कार्यालय, जाजरकोटको चालू आर्थिक बर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगतका तपसिलका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समूह/कबुलियति वन समूह/सहकारी/निजी उद्यमीबाट तोकिएको लागत सहभागितामा गराउनु पर्ने भएकोले यो ३० (तिस) दिने सूचना प्रकाशन गरिएको छ । ईच्छुक सामुदायिक वन उपभोक्ता समूह/कबुलियति वन समूह/सहकारी/निजी उद्यमीबाट तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना प्रस्ताव सहितको आवेदन पेश गर्नु हुन अनुरोध छ । समयसिमा भित्र पेश हुन नआएका वा रित नपुगेका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

तपसिल

| क्र.सं. | कार्यक्रम | इकाई | परिमाण | बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जडिबुटी विरुवा उत्पादन तथा खेती विस्तार | पटक | १ | ५ | सा.व.उ.स./क.व.स./निजी फर्म/सहकारी |
| २ | टिमुर खेति विस्तार तथा प्रवर्द्धन | पटक | १ | ३० | टिमुर उत्पादन हुने क्षेत्रका सा.व.उ.स./क.व.स./निजी फर्म/सहकारी |
| ३ | प्राकृतिक रुपमा रहेका जडिबुटी संरक्षण तथा व्यवस्थापन | पटक | १ | १० | महत्वपूर्ण जडिबुटीहरु रहेका सामुदायिक वन |
| ४. | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | पटक | १ | ५ | सा.व.उ.स./क.व.स./निजी फर्म/सहकारी |
| ५ | लेक तथा पाटन संरक्षण कार्यक्रम | प्याकेज | १ | ५ | लेक तथा पाटन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूह |
| ६ | कृषि वन कार्यक्रम | पटक | १ | ५ | एउटै प्रजातिको कम्तिमा ३ हेक्टर वा ३००० विरुवा रोपण गर्न सकिने निजी जग्गा भएको |
| ७ | चोरी शिकारी नियन्त्रण तथा गिद्ध संरक्षण (बारेकोट ५ मा मात्र) | वटा | १ | ५ | बारेकोट गा.पा. वडा नं. ५ मा रहेका क.व., सा.व. तथा अन्य समूह |
| ८ | नदी उकास जग्गामा वृक्षारोपण /वन पुनर्स्थापना कार्यक्रम | पटक | १ | ५ | नदी उकास क्षेत्रमा वृक्षारोपण गर्न सकिने ठाउँ भएका सामुदायिक वनहरुलाई |
| ९ | कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ३ | कबुलियती वन समूहलाई मात्र |
| १० | वृक्षारोपण योजना कार्यान्वयन | प्याकेज | १ | १० | खाली क्षेत्र भएका सामुदायिक वन/कबुलियती वन समूहलाई मात्र |

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रू. १० को टिकट टाँसी जडिबुटी उत्पादन, खेती विस्तार तथा उद्यम विकास दिग्दर्शन, २०७७ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्तावना सहितको निवेदन,
२. स्थायी लेखा नम्बर प्रमाणपत्र,
३. कबुलियती वन समूह/सामुदायिक वन उपभोक्ता समूह/सहकारीको हकमा समितिको निर्णय प्रतिलिपी र गत आ.व.को लेखापरीक्षण प्रतिवेदन,
४. निजी उद्यमीको हकमा दर्ता, नविकरण, करचुक्ताको प्रमाणपत्र, जग्गाको लालपुर्जाको फोटोकपी र तिरो तिरेको रसिदको प्रतिलिपी,

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय
खलंगा, जाजरकोट
फोन नं. ०८९-४३०२७१
वेबसाईट: www.dfojajarkot.gov.np
ई-मेल: dfojajarkot2019@gmail.com

५. पछिल्लो पाँच आ.व.मा कुनै कार्यालयबाट सो कामको लागि अनुदान प्राप्त गरेको/नगरेको सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालोसूचीमा नरहेको स्वःघोषणा,

६. निवेदकको नागरिकता वा परिचय खुल्ने कागजात ।

पुनश्चः अनुदानको शर्तहरु, निवेदनको ढाँचा, निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु, प्रस्तावनाको ढाँचा लगायत विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ०८९-४३०२७१ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## प्रस्ताव सम्बन्धी थप विवरण

क) प्रस्तावको ढाँचा

१) प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगाना
२) समुहको छोटो चिनारी, लक्ष्य र उद्देश
३) विद्यमान वित्तिय तथा अन्य भौतिक पूर्वाधारहरु
४) प्रस्तावित कृयाकलापहरु
५) प्रस्तावित क्रियाकलापहरु संचालन गरिने विधी (जनशक्ति, समूहको योगदान जुटाउने तरिका, उपलब्ध जग्गा)
६) प्रस्तावित कृयाकलापहरुवाट हुने खर्च र आम्दानीको प्रक्षेपण
७) कृयाकलाप संचालन गर्न लाग्ने समय
८) प्रस्तावित कृयाकलापहरुबाट लाभन्वित घरधुरी र सिर्जना हुने रोजगारी
९) लगानीका सम्भाव्य स्रोत सम्वन्धी विवरण
१०) प्रस्तावित कृयाकलापहरुबाट उत्पादन हुने जडिवुटी वा प्रशोधित वस्तुको मात्रा
११) दिर्घकालिन जगेर्ना/संचालन विधी

ख) प्रस्ताव सम्वन्धी अन्य व्यवस्था

१. म्याद नाघि प्राप्त भएको पत्र उपर कुनै कारवाही हुने छैन ।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति, फर्म, संस्था वा सहकारीले भाग लिन पाउने छैनन् ।
३. प्रस्तावनाको लागि प्रकासित सूचना अनुसार आवश्यक सम्पूर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्तावपत्र साथ पेश गर्नुपर्नेछ अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।
४. विगत ५ बर्ष देखी उस्तै प्रकृतिका कार्यमा अनुदान प्राप्त गरेको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।
५. अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारी सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको कम्तीमा ३०% सम्म र निजी फर्म वा उद्यमीको हकमा कम्तीमा ५०% सम्म अनुदान ग्राहीले लगानी गर्नु पर्नेछ ।